बर्दिवास नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

महोत्तरी

मितिः-२०८०।३।१०

मधेस प्रदेश, नेपाल

**आर्थिक बर्ष २०८०।८१ का लागि नगर प्रमुख श्री प्रहलाद कुमार क्षेत्री ज्यूबाट १२ औ नगर सभाको बैठकमा प्रस्तुत भएको नीति तथा कार्यक्रम**

**नगरसभा सदस्यज्युहरु,**

नेपालको संविधान२०७२ ले व्यवस्था गरेको संघिय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणाली अनुसार २०७९ बैशाख ३० गते सम्पन्न स्थानिय तहको आवधिक निर्वाचन मार्फत दोस्रो पटक बर्दिवास नगर सभाको गठन भएको हो।स्थानिय सरकार संचालन ऐन २०७४ कोदफा १९ बमोजिम १२ औं नगर सभाको वैठकमा नीती तथा कार्यक्रम प्रस्तुत गर्न पाउदा गौरवान्वित भएको छु ।

मुलुकमा राज्य एकता, सार्वभौमसत्ता, समानुपातिक समावेशिता सहितको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था स्थापना गर्न सात सालको क्रान्ती, २०४६ साल तथा २०६२/०६३को जनआन्दोलन, मधेश आन्दोलन लगायत विभिन्न कालखण्डमा भएका राजनीतिक आन्दोलनमा आफ्नो जीवनकोआहुति दिनुहुने सम्पुर्ण ज्ञात अज्ञात सहिदहरु प्रति हार्दिक श्रदान्जली अर्पण गर्दछु।साथै, बेपत्ता, घाइते, अपांग,सहिद तथा बेपत्ता परिवार एवम् विभिन्न आन्दोलनमा नेतृत्व गर्नहुने आदरणीय नेताहरुप्रति उच्च सम्मान व्यक्त गर्दछु।

जनताको सबै भन्दा नजिकको सरकार भनेको स्थानीयसरकार हो । निर्वाचनको क्रममा बर्दिबास नगरपालिकाको समग्र विकास र समृद्धिको लागि जनताहरु सँग गरिएका प्रतिबद्धताहरुलाई पुरा गर्न हामी सँग उपलब्ध सीमित स्रोत र साधन, जनशक्ती र विभिन्न अप्ठ्याराहरु रहेका छन् तथापी आम जनतासंग गरेको बचनबद्धता प्रति सदैव प्रतिबद्ध रहने छौ भन्ने कुरा विश्वास दिलाउदैयहाँहरुमाझ हिजो घरदेलौमा गइ गरेका वाचा तथा प्रतिबद्वताहरु पुरा गर्न हामी निरन्नतर लागिरहेको जानकारी गराउन चाहन्छु ।

**आदरणीय नगरसभा सदस्य ज्यूहरु,**

नेपालको संविधानले प्रत्याभूत गरेको नगर सरकारको कार्यसूची, संघीय आवधिक योजना, संघीय नीति, नियम तथा अन्य कानूनहरु, प्रदेश सरकारको नीति एवं कार्यक्रम, निर्वाचनको समयमा हामीले नागरिक समक्ष गरेका प्रतिवद्धताहरु आम नगरवासीहरुका मागहरुलाई आधारमानी हाम्रो वार्षिक नीति तथा कार्यक्रमहरु तयार गर्ने प्रयास गरिएको छ ।

आर्थिक बर्ष २०८०।८१ मा हाम्रो प्राथमिकताहरु देहाय बमोजिम हुने छन ।

१.स्वास्थ्य

२..शिक्षा

३. खानेपानी

४. कृषि तथा सिचाई

५. सडक यातायात र नाला ब्यवस्थापन

६. प्रकोप ब्यवस्थापन- नदि नियन्त्रण

७. सँस्कृति तथा पर्यटन प्रवर्दन

८. सूचना प्रविधिको विकास, विस्तार र उपयोगको माध्यमहरुबाट सुशासन ब्यवस्थापन ।

९.नीति निर्माण र कार्यान्वयन

१०. रोजगारी

११. सरसफाई तथा फोहरमैला ब्यवस्थापन तथा वातावरणीय स्वच्छता अभियान

१२. खेलकुद

१३. लागु औषध नियन्त्रण

नगरसभा सदस्य ज्यूहरु,

अब म आगामी आर्थिक बर्षमा हामीले अवलम्बन गर्ने नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु ।

सामाजिक विकास तर्फ

स्वास्थ्य क्षेत्रः-

- बर्दिवास मेडिकल कलेज स्थापनाका लागि जग्गा प्राप्ति, वृक्षारोपण लगायतका कार्यहरु गर्न आवश्यक पहल र सहजिकरण गरिनेछ ।
- बर्दिबास अस्पताललाई आवश्यक स्वास्थ्यउपकरणहरु खरिद गरी आवश्यक जनशक्ति पुनरावलोकन पश्चात दक्ष जनशक्तिको व्यवस्थापनगरी सुविधासम्पन्न अस्पतालको रुपमा विकास गरिने नीतिलाई अवलम्बन गरिनेछ ।
- बर्दिवास अस्पतालमा निर्मित भौतिक संरचनाहरु मर्मत गरि मेडिकल अधिकृत तथा स्वास्थ्यकर्मिहरुको आवास ब्यवस्थापन गरिने छ ।
- विपन्न नागरिकहरुलाई निःशुल्क स्वास्थ्य विमा कार्यक्रम लागु गरिने छ ।

- विपन्न वर्गउपचार र सहायताको लागि कार्यविधि बनाई कोषको ब्यवस्था गरि संचालन गरिनेछ ।
- अन्य स्वास्थ्य संस्थाहरुमा औषधि उपकरण लगायत अत्यावश्यक पूर्वाधारहरु ब्यवस्थापन गर्दै स्वास्थ्यकर्मीहरुको जनशक्ति संरचना पुनरावलोकन गरिने छ ।
- स्वास्थ्य संस्थाहरुमा सुत्केरी गराउने आमाहरुलाई नगरपालिकाबाट दिदै आइरहेको थप रु १ हजार सुत्केरी खर्चलाइ यो वर्ष पनि निरन्तरता दिइने छ।
- महिला स्वास्थ्य स्वयम् सेविकाहरुलाई विगतमा दिदै आएको प्रोत्साहन सुविधालाई यो वर्ष पनि निरन्तरता दिइनेछ ।
- एम्बुलेन्स सेवालाई सबै वडा सम्म पुऱ्याउन थप एम्बुलेन्स खरिद गरि संचालनमा ल्याउने छ ।
- महिला स्वास्थ्य स्वयं सेविकाहरुले मातृ मृत्युदर र शिशु मृत्युदर तथा खोप ब्यवस्थापनमा गरेको कार्यको उच्च कदर गर्दै मासिकरुपमा खाईपाई आएको यातायात खर्चलाई निरन्तरतादिईनेछ ।
- बर्दिबास न पा ३ मा रक्त संचार केन्द्र निर्माणको लागी आवश्यक बजेटको व्यवस्था गरिनेछ ।
- लागु औषध नियन्त्रण गर्नका लागि विभिन्न संघ संस्थाहरु संग समन्वय गरी जनचेतनामुलक सडक नाटक तथा अन्य सचेतनामुलक कार्यक्रमहरु संचालन गरिनेछ ।
- नगर भरिका अपाङ्ग, जेष्ठ नागरिकहरुलाई स्वास्थ्य सेवाको प्रत्याभुति दिन नगर घुम्ती स्वास्थ्य सेवा संचालन गरिनेछ ।
- बर्दिवास नगरपालिका वडा ३ गौरीडाडा लगायत विभिन्न वडाहरुमा आवश्यक आधारभुत स्वास्थ्य केन्द्र संचालन गरिनेछ ।
- नगरपालिका भित्रका बिरामीहरुलाई ब्लड (रगत) आवश्यक परेको खण्डमा अस्पतालको माँग पत्र बमोजिम बर्दिवास न.पा. वडा नं.३ स्थित नेपाल रेडक्रस सोसाईटी उपशाखा गौरीवास बाट निःशुल्क रगत उपलब्ध गराउने ब्यवस्था मिलाईने छ ।
- नेपाल सरकारले निशुल्क रुपमा वितरण गरिने औषधीहरु सुची तयार गरि अस्पताल, स्वास्थ्य चौकी तथा आधारभुत वडा स्वास्थ्य चौकी समेतमा अनिवार्य तोकीएको औषधीहरु अनिवार्य उपलब्ध गराउन प्रबन्ध मिलाईने छ ।

## शिक्षा

- सबै विद्यालयहरुको ब्यवस्थापन सुधार गर्न विद्यालय ब्यवस्थापन समितिहरु गठन गरि विद्यालय क्षेत्रमा गर्नु पर्ने सुधारहरुका लागि विद्यालय ब्यवस्थापन समितिहरु लाई जिम्मेवार बनाईनेछ ।
- आवश्यकताको आधारमा चार कोठे, दुई कोठे विद्यालय भवनहरु र शौचालय निर्माण गर्दै विद्यालयहरुको जग्गा र सम्पति सुरक्षा गर्न कम्पाउण्डवाल तथा घेरावार लगाईने छ । अधुरो तथा निर्माणधीन विद्यालय भवनहरुको निर्माण कार्य सम्पन्न गरिने छ ।
- सामुदायिक विद्यालयको कक्षा कोठाहरुमा आवश्यक फर्निचर मागका आधारमा व्यस्थापन गरिनेछ ।
- विद्यालयहरुको छाना फेर्ने कार्यक्रम अर्न्तरगत चुहिएका छानाहरुलाई विस्थापित गरी पक्की भवन निर्माणलाई निरन्तता दिईनेछ ।

- विद्यालयहरुको शैक्षिक स्तर उकास्न विद्यालय शैक्षिक स्तर वृद्धि गर्न विद्यालयहरुमा नगरवाट अनुदान दिईने छ ।
- विपन्न तथा जेहेन्दार विद्यार्थिहरुको उच्च शिक्षा अध्ययनका लागि छात्रवृत्ति योजना ल्याईने छ ।
- विद्यालय स्तरमा र युवाहरुका लागि खेलकुद विकास कार्यक्रम लागु गरिने छ, वाल विकास भवनहरु निर्माण गरिनेछ ।
- शिक्षक तथा विद्यालय व्यवस्थापन समितिहरुलाई अनुभव आदान प्रदान गर्न अवलोकन भ्रमण कार्यक्रम समावेश गरिने छ । शिक्षकहरुको क्षमता विकास गर्न शिक्षक तालिम कार्यक्रम संचालन गरिने छ ।
- शैक्षिक गुणस्तर सुधार गर्न अन्तर विद्यालय प्रतिस्पर्धात्मक विधि अवलम्बन गरिपुरस्कारको व्यवस्था गरिनेछ ।
- सामुदायिक शैक्षिक संस्थाहरुलाई जग्गा नरहेको स्थितिमा जग्गा व्यवस्थापन गर्न पहलकदमीगरिने छ ।
- सामुदायिक विद्यालय प्रवर्धनात्मक लागि रणनीतिक योजनाहरु तर्जुमा गरि कार्यन्वयन गरिने छ ।
- बर्दिवास नगरपालिका क्षेत्र भित्र संचालनमा रहेका मदरसा (विद्यालय) लाई स्तरवृद्धि गर्न माँगको आधारमा बजेट विनियोजन गरिनेछ ।
- सामुदायिक विद्यालयहरुमा संचालीत बालविकास शिक्षा सम्वन्धि शिक्षीकाहरुलाई कार्यसंपादनको आधारमा विशेष प्रोत्साहनको व्यवस्था गरिने छ ।
- सामुदायिक विद्यायहरु बाट गुणस्तरीय शिक्षा प्रदान गर्न पारित नगर शिक्षायोजना प्रभावकारी रुपमा लागु गरि विद्यालयको प्रधनाध्यापकहरु संग कार्यसम्पादनको सम्झौता गरि सोही अनुसार कार्य संम्पादन गर्ने गराउने निति लिईने छ ।

**रोजगार प्रवर्धन तथा गरिवि न्यूनीकरण**

- आन्तरिक तथा वैदेशिक रोजगारी संग सम्बन्धित तथ्यांक, सूचना संकलन, समन्वय, रोजगार सिर्जना तथा मांग बमोजिमका रोजगारका अवसरहरुमा क्रियाकलापहरु सञ्चालन गरिनेछ ।
- यस नगरपालिकाको रोजगार सेवा केन्द्रमा सूचिकृत भएका विपन्न बेरोजगारहरु लाई युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजनाहरु तथा कामका लागि पारिश्रमिकमा आधारित योजनाहरु सञ्चालन गरि न्यूनतम रोजगारीको प्रत्याभुती गराईनेछ ।
- नगरपालिका भित्र रहेको रोजगारीको अवसरहरुको सम्भाव्यता तथा पहिचानको लागि अध्ययन गरिनेछ ।
- दक्ष तथा सक्षम जनशक्तिको विकास र आन्तरिक रोजगारी प्रबर्द्धन गर्न श्रम बजारको मांग बमोजिमका सीपमूलक तालीमको पहिचान गरि तालीम सञ्चालन गरिनेछ ।
- आन्तरिक रोजगारी सिर्जना तथा वैदेशिक रोजगारीको क्षेत्रमा काम गर्ने सरोकारवला निजी, सहकारी, सरकारी तथा गैर सरकारी क्षेत्र संगको सम्बन्ध विस्तार गरिनेछ ।

- वैदेशिक रोजगारीबाट फर्केको व्यक्तिहरुको सीप पहिचान गरि उद्यम/व्यवसायमा संलग्न हुन युवाहरुलाई प्रोत्साहित गरिनेछ ।
- पालिका स्तरीय नियमित विकास निर्माणका आयोजनाहरु सञ्चालन गर्दा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत सूचिकृत बेरोजगार व्यक्तिहरुलाई खटाई श्रम साझेदारी गरिनेछ ।
- प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत सञ्चालन हुने आयोजनामा लाग्ने निर्माण सामग्री/ औजार तथा सुरक्षा सामग्री खरिद गर्न लागत साझेदारी गरिनेछ ।
- वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित र व्यवस्थित बनाउन सूचना, परामर्श प्रदान गर्नुको साथै वैदेशिक रोजगारीबाट फर्केको व्यक्तिको सामाजिक र आर्थिक रूपमा पुनः एकीकरण सम्बन्धी क्रियाकलापहरु सञ्चालन गरिनेछ ।
- वैदेशिक रोजगारीमा जान चाहने व्यक्तिका लागि व्यक्तिगत श्रम स्वीकृति एवं पुनः श्रम स्वीकृतिको अनलाइन आवेदन प्रक्रियामा सहजिकरण गर्नुको साथै वैदेशिक रोजगार बोर्डबाट प्रदान गरिने आर्थिक सहायता, छात्रवृत्तिको लागि समेत सहजिकरण गरिनेछ ।
- रोजगारीको हक्को प्रभावकारी कार्यान्वयन गरिने छ ।
- बर्दिबास नगरपालिकाको रोजगार रणनीति तर्जुमा गरि कार्यान्वयन गरिनेछ ।
- महिला लक्षित रोजगारीका लागि तयारी क्लब सञ्चालन गरिनेछ ।
- वैदेशिक रोजगारमा गएको व्यक्तिको परिवार र जान इच्छुक व्यक्तिहरुको लागि वित्तीय साक्षरता तथा मनोसामाजिक परामर्श कक्षा सञ्चालन गरिनेछ ।
- वैदेशिक रोजगारीलाई व्यवस्थित बनाउन सामुदायिक तथा गहन अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिनेछ ।
- वैदेशिक रोजगारी सम्बन्धी सूचना, परामर्श तथा अन्य सेवा प्रदान गर्ने आप्रवासी श्रोत उप-केन्द्र सञ्चालनलाई प्राथमिकतामा दिईनेछ ।
- वैदेशिक रोजगारीबाट फर्केको व्यक्तिको स्थानीय तह आप्रवासी संजाल गठन तथा क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ ।

**खानेपानी तथा सरसफाई**

- सबै नगरबासीलाई शुद्ध खानेपानी व्यवस्थापन गर्न एक घर एक धाराको नीति अवलम्बन गरिनेछ । शुद्ध खानेपानीको सुनिस्चितता हुने गरी शुद्ध पिउने पानी नपुगेको क्षेत्रमा खानेपानीका पुर्वधारहरु विकास गरिने छ ।
- साना सहरी तथाखानेपानि उपभोक्ता समिति बर्दिवाससंग लागत साझेदारीमा वडानम्वर १,२,३ र १४ अर्न्तगत रहेका मुख्य बाटो तथा सहायक बाटोहरुमा खानेपानि पाईपलाईनहरु विस्तार गरिनेछ ।

- सरकारी तथा गैर सरकारी संस्थाहरु संग समन्वय गरि समुदायमा आधारित उपभोक्ता समिति मार्फत मुहानको खोजि गर्ने र शुद्ध खानेपानिको आपुर्ति सुनिश्चित गरिने छ ।
- नगरपालिकास्तरीय सरसफाई तथावास युनिट व्यवस्थित गरिने छ ।

**सामाजिक न्याय तथा समाबेसीकरण**

- महिलाद्वारा सञ्चालित घरेलु उद्योग,कृषि फार्म, पशु फार्म, व्यापार र व्यवसायको करमा विशेष छुट तथा अनुदानको व्यवस्था मिलाइने छ ।
- लिङ्गको आधारमा हुने सबै प्रकारका हिंसाको अन्त्य गर्न जनचेतनाको साथै आयमुलक,सिपमुलक उत्पादनमुलक कार्यक्रमहरु संचालन गर्दै क्षमता र सिपको विकास गर्दै लगिनेछ ।
- बालमैत्री स्थानीयनिति नियमलाई कार्यान्वयन गर्दै बर्दिबास नगरपालिकालाई बालमैत्री नगरको रुपमा विकास गरिनेछ ।
- महिला हिंसा तथा बालबिवाहलाई निरुत्साहित गर्न दाइजो प्रथामा संलग्न व्यक्ति र बालविवाह गर्ने जोडी तथा बालविवाह गराउने अभिभावकहरुलाई नगरबाट उपलब्ध गराइने सबै सेवामा रोक लगाइनेछ ।
- अपाङ्गमैत्री नगर बनाउन अब निर्माण हुने सार्वजनिक तथा सरकारी संरचनाहरुलाईअपाङ्गमैत्री बनाइनेछ ।
- लैङ्गिक हिंसा निवारणकोष र बाल उद्दार कोषमा आवश्यक रकम विनियोजन गरी कोषको प्रभावकारिता वृद्धि गरिनेछ ।
- महिला, दलित, जनजाती, मधेसी र विपन्न बर्गको शसक्तिकरणका लागि लोकसेवा तयारी कक्षा सञ्चालन गर्न सहयोग र समन्वय गरिने छ ।
- जेष्ठ नागरिकको अनुभव,सिप र क्षमताको उपयोग गर्दै व्यवहारिक रुपमा लागु गर्दै लगिनेछ ।
- समाजमा हुने अपराधिक घटनालाई न्युनिकरण गर्न संचार माध्यमबाट किशोरकिशोरीहरुका लागी सचेतनामुलक कार्यक्रम संचालनका साथै आत्मरक्षा तालिम संचालन गरिनेछ ।

**खेलकुद**

- नगर खेलकुद विकास समिति मार्फत वडा स्तरवाट फुटवल ,भलिवल, क्रिकेट, ब्याडमिन्टन लगायतका खेलहरुको विकासमा जोड दिइनेछ ।
- विद्यालयहरुमा रहेका खेल मैदान ब्यवस्थित गर्दै लगिने छ ।
- यस नगरपालिका भित्रका राष्टिय स्तरका खेलाडीलाई प्रोत्साहित गर्न खेलाडिहरुको सम्मान गरिने छ ।
- बर्दिवास रंगशालाको भौतिक प्रगतिका लागि प्रदेश तथा संघिय सरकार संग आवश्यक समन्वय गरिनेछ ।
- नगर खेलकुद विकासकालागि हरेक वडामा खेलमैदानको लागि जग्गा व्यवस्थापन गरिनेछ।

**भौतिक पुर्वाधार विकास तर्फआवास**

- संघीय सरकारको समन्वयमा अति विपन्न परिवारको लागि छानो फेर्ने कार्यक्रमलाई निरन्तरता दिईने छ ।

**भवन तथा शहरी विकास**

- निकट भविष्यमा नगरपालिकाको प्रशासकीय भवनको निर्माण कार्य सम्पन्न गरि आफ्नै भवन बाट प्रशासनिक सेवा संचालन गरिने छ।
- घर नक्शा पास गर्न गराउन सूचना प्रविधिको प्रयोग गरि अनलाइन मार्फत सेवादिइने छ भने नगरपालिका गठन पूर्व बनेका र गठन पश्चात बनेका घरहरुको अभिलेखिकरण कार्यमा सरलीकरण प्रकृया अपनाई घर अभिलेखिकरण गरि नियमन गरिने छ ।
- प्रचलित घर नक्सापास मापदण्ड अनुसार नक्सा पास नगरी बनाइएका घरहरुलाई अनुगमन गरी नियमन गरिनेछ ।
- बर्दिवास नगरपालिका वडा नम्वर २ मा निर्माणाधिन दृष्टीविहीनहरुका लागि निर्माणाधिन भवनलाई सम्पन्न गरीनेछ ।
- नगर क्षेत्रभित्र लाग्ने सम्पूर्ण हाट बजारको ठेक्काको बन्दोबस्त,“बजारतथा हाट ब्यावस्थापन कार्यविधि २०८० ” स्वीकृत गरि नगरकार्यापालिका वा सम्वन्धीत वडा कार्यालयवाट ठेक्का बन्दोबस्तको प्रकृया बढाईने छ ।
- वडा कार्यालय, स्वास्थ्य चौकी, पुस्तकालय, योगभवन, सामुदायीक भवन निर्माण कार्यलाई निरन्तरता दिइनेछ।

**सडक**

- नगरको केन्द्र देखि वडा केन्द्र सम्म जोडिने सडकहरुलाई पहिलो प्राथमिकतादिइने छ ।
- कृषि सडकहरुका लागि नयाँ ट्रयाक खोल्ने र स्तर वृद्धि गरिने छ ।
- नगरको क्षेत्राधिकार बाहिरको सडकहरुको हकमा स्तरउन्नती गर्नपर्ने छ भने प्रदेश र संघ सरकारसंग पहल तथा समन्वय गरिने छ ।
- सडक यातायात गुरु योजना कार्यन्वयन गरिने छ ।

## यातायात

- उचित स्थान पहिचान गरि आधुनिक सुविधा सम्पन्न बसपार्क निर्माण गरिने छ ।
- पूर्व पश्चिम राजमार्ग सडक खण्ड औरहीचौक, सिन्धुलिचौक र पूर्वमा रातुपुलदेखि पश्चिम भव्सीपुलसम्म सिसि क्यामेरा जडान गरि शान्ति सुरक्षा कायम गरिनेछ।
- बर्दिवास सहरीकरणमा थप सुरक्षाकायम राख्नलाई ईलाका प्रशासन कार्यालय, ईलाका प्रहरी कार्यालय तथा जिल्ला ट्राफिक प्रहरी कार्यालय, बर्दिवास महोत्तरीसंग समन्वय गरि सुरक्षाको प्रत्याभुति गराईने नीति अवलम्वन गरिनेछ।

- यातायात कार्यालय बर्दिवाससंग समन्वयगरि यस नगरपालिका क्षेत्रभित्रमा यातायात सम्बन्धी कारोवार गर्ने ब्यापारिक प्रतिष्ठानहरुलाई नगरपालिकामा सुचीकृत गर्ने व्यवस्था मिलाईनेछ ।
- बर्दिवास सहर बजार क्षेत्रमा सवारी दुर्घटना न्युनीकरण गर्न राखिएको रोड डिभाईडर क्षेत्रगत रुपमा थपविस्तार गरिनेछ ।
- बर्दिवासवाट अन्य क्षेत्रमा जाने भाडाका सवारी साधानहरुले लिने भाडादरमा नियमानुसार नियमन गरिने छ ।

## आर्थिक विकास तर्फ

## पर्यटन

- बर्दिबास नगरपालिका क्षेत्र भित्र रहेका धार्मिक, सांस्कृतिक, ऐतिहासिक महत्वका क्षेत्रहरुको संरक्षण गर्न गराउन गठन भएको सँस्कृति तथा पर्यटन प्रवद्धन समितिलाई थप जिम्मेवारी सहीतको प्रभावकारी बनाइनेछ ।
- गौरबको योजना अन्तर्गत बर्दिवास नगरपालिकाको आन्तरिक पर्यटन बिकास प्रर्वद्धन गर्न" **बर्दिवास फनपार्क**" निर्माणकार्यको लागि आवश्यक बजेट विनियोजन गरिनेछ ।
- पर्यटन प्रवर्द्धनको लागि धार्मिक, सांस्कृतिक, ऐतिहासिक महत्वमा परेको पञ्चधुरामाई मन्दिर, टुटेश्वरनाथ महादेव मन्दिर, रातुठाकुर मोक्ष धाम र नयाँ पहिचान भएका राईमण्डल मन्दिर समेतलाई धार्मिक पर्यटकीय रुपमा स्तरउन्नतीको लागि संघ तथा प्रदेश संग बजेट पहल कदमी गरिनेछ ।
- कालापानी पिकनिक पार्कलाई सौन्दर्यकरण गरि नगरकै उत्कृष्ट पार्कको रुपमा संचालनमा ल्याईने अबधारणा तयार गरिने छ।
- बर्दिवास नगरपालिका वडा नम्बर ३ पाटु स्थित रातुखोलाको नदिउकास जग्गा संरक्षरण गरि सो क्षेत्रलाई पर्यटकीय स्थलको रुपमा बिकास गराउने अबधारण लिईने छ ।
- बर्दिवास नगरपालिकामा रहेका सम्पुर्ण नदीउकास जग्गाको नियमन गरि पर्यटकीय स्थलको रुपमा बिकास गरिनेछ ।
- करको वृद्धि भन्दा करको दायरा बिस्तार गर्ने नीतिलाई संस्थागत गर्न प्रयास गरिने छ ।
- स्थानीय श्रोत र साधनको विकास र पहिचान गरि आन्तरीक राजस्व वृद्धी गर्न करदाता शिक्षा संचालन गरिने छ ।
- आन्तरीक राजस्व असुली कार्यलाई प्रभावसाली बनाउन स्थानीय स्तरका उधोग वाणिज्य संघ लगायत सम्वन्ध संघ संस्थाहरु संग सहकार्य गरि घरेलु उधोग र लघुउधमलाई प्रोत्साहन गरिने नीति लिईने छ ।
- गैर करका क्षेत्रहरुलाई करको दायरामा ल्याउन आवश्यक नीतिगत प्रवन्ध मिलाईने छ ।

**सहकारी**

- नगरपालिकाको क्षेत्रभित्र नियमन संचालनमा रहेका सहकारी संस्थाहरुको तथ्याँक अध्यावधिक गरी अभिलेख राखिनेछ ।
- सहकारी संस्थाको दर्ता अनुमती तथा नियमनकार्यलाई व्यवस्थित गर्न COPOMIS प्रणालि स्थानीय सहकारी (साकोस) को समन्वयमा संघ र प्रदेश सरकारसंग योजना माग गरि लागु गरिनेछ ।
- लामो समयदेखि निष्कृय रहेका सहकारी संस्थाहरुको सूचिकरण गरी सो विषयमा कार्ययोजना बनाइ नियमित संचालनमा ल्याउन पहल गरिनेछ ।
- कानून विपरित संचालनमा रहेका संस्थाहरुलाई कारवाहीका लागि प्रक्रिया अघि बढाइने छ ।
- सहकारी संस्थाहरुको एकिकरणका लागी प्रोत्साहित गर्न अनुशिक्षण कार्यक्रम संचालन गर्न प्रदेश तथा संघीय सरकारसंग योजना पेश गरिनेछ ।
- सहकारी संस्थाहरुको क्षमता अभिवृद्धिका लागि विषयगत विभिन्न तालिम कार्यक्रमहरु संचालन गरिनेछ ।

**उद्योग/वाणिज्य**

- उपयुक्त क्षेत्रको खोजि गरि एक औद्योगिक ग्राम संचालनमा ल्याइने छ ।
- स्थानिय कच्चा पदार्थमा आधारित घरेलु तथा साना उद्योग व्यवसाय प्रवर्धन गर्न बर्दिवास उद्योग बाणिज्य संघ लगायत संम्बन्धित संस्थाहरुसंग समन्वय गरि कार्यक्रम तय गरिनेछ ।
- वैदेशिक रोजगारमा गई स्वदेश फर्केका युवाहरुलाई उद्योग संचालन गर्न मागको आधारमा आवश्यक पर्ने सिप मुलक कार्यक्रम र पूँजीको प्रबन्ध गर्न युवा स्वरोजगार लगायत विशेष कार्यक्रम संचालन गरिने छ ।

**खानी तथा खनिज**

- नगरपालिका भित्र बग्ने खोलानालाबाट नियमन उत्खनन हुन`ढुङ्गा, गिटी वालुवा, माटो लगायत नदिजन्य पदार्थको प्रचलित कानुन बमोजिम बिक्रि वितरण गरि नगरपालिकाको आन्तरिक आय बढाईने साथै माथि उल्लिखित नदीजन्य पदार्थ नियमन ठेक्का बन्दोबस्त गर्दा ठेक्का नलागेको खण्डमा विकास निमार्ण कार्य प्रभावित हुने हुदाँ अर्को व्यवस्था नहुन्जेल सम्मका लागि नगरपालिकाको राजस्व शाखामा कर दाखिला गरे पश्चात नदीजन्य पदार्थ विकी वितरण गरिनेछ भने अर्को व्यबस्था नहुन्जेल सम्मको लागि राजस्व शाखाबाट रसिद नियन्त्रण रजिस्टर खडा गरी निकासी राजस्व संकलनलाई निरन्तरता दिईने छ ।
- राजस्व संकलन कार्यको लागि नियमन ठेक्का बन्दोबस्त गरेको नदि खोलाको क्षेत्र भन्दा बाहेकको नदि नालाबाट उत्खनन तथा निकासी हुने नदिजन्य पदार्थको राजस्व संकलन कार्य योजना स्वीकृत गरि संकलन गर्ने गराउने निति लिईने छ ।

**कृषि तथा सिचाई**

- बर्दिवास नगर क्षेत्र भित्रका किसानहरुलाई समय सापेक्ष मल, विउविजन र कृषि औजार वितरण गर्न लागि नगरस्तरीय योजना अन्तर्गत आवश्यक बजेट विनियोजन गरिनेछ ।

- मौसमी तथा बेमौसमी फलफुल तथा तरकारी खेतीगर्ने नगरपालिकाको कृषि शाखाबाट छनोटमा परेका उत्कृष्ठ किसानहरुलाई सम्बन्धित कृषी ( तरकारी तथा फलफुल ) पकेट क्षेत्रको अवलोकन भ्रमण र तालिमको व्यवस्था गरिनेछ ।
- नगरपालिकाले कृषिजन्य बस्तु उत्पादनमा बृद्धि गर्न भुमिगत सिचाई (Deep Boring) लाई विशेष प्राथमिकताको आधारमा कार्यक्रम संचालन गर्ने योजना अनुरुप समूहमा जडान गर्न चाहने साना किसानहरुलाई ६०% र ठुला किसानहरुलाई ५०% अनुदान दिने नितिलाई निरन्तरता दिईनेछ ।
- परम्परागत कुलोहरुको मर्मत संभार गर्दै सिचाइ प्रणाली सुचारु गरिने र कृषकहरुलाई खेतमा सिचाई प्रयोजनको लागि सिचाई मिटर, विद्युत पोल तथा तार ब्यवस्थित गर्ने नीतिलाई निरतरता दिईनेछ।
- प्रमाणित किसानहरुलाई कृषिकार्यको लागि वितिय संस्था मार्फत सहज रुपमा कृषि ऋण उपलब्ध गराउने कार्य थालनि भएकोले निरन्तरता दिईने छ ।
- नगर भित्र रहेका कृषि योग्य जग्गामा किसानहरुले रोपी हुर्काएको मसला जातको रुखलाई विस्तापित गर्न विविध जनचेतना मुलक कार्यक्रम संचालन गरिनेछ ।
- नगर भित्र रहेका सार्वजानिक पोखरीहरुलाई अभिलेखिकरण गरि आयआर्जनको स्रोतको रुपमा विकास गर्ने नीतिलाई निरन्तरता दिईने छ ।
- किसानहरुको सुचिकृत गरि कृषिउत्पादन, भण्डारण एवंम् बजारिकरणको व्यवस्था मिलाइने नीतिलाई निरन्तरता दिईने छ ।
- पशुपतिनगर, किसाननगर र विजलपुरा लगायतका बस्तीहरुमा नीलगाई ( गोडगधा ) को कृषि आतंकलाई न्युनीकरण गर्न जिल्ला वन कार्यालय महोत्तरी तथा पर्सा राष्ट्रिय निकुञ्जसंग समन्वय गरि व्यवस्थापन गरिनेछ ।
- बर्दिवास नगरपालिकामा संचालित नगर कृषि कार्यक्रम अर्न्तगत हाईटेक नर्सरीको सम्झौता पुनरावलोकल गरिने छ ।

## पशु

- पशु स्वास्थ्य सेवा, परजिवि नियन्त्रण कार्यक्रम पशु आहार सेवा संचालन तथा पशु खोप सेवा, कुकुर बन्धयाकरण लगायतका पशु विकास शिविर गरिने छ ।
- हालसालै विकारालको रुपमा फैलिएको पशुलाई लागने लम्पीस्किन रोगलाई रोक थाम तथा औषधी उपचारको लागि विशेष कार्यक्रम संचालन गरिनेछ

## वन तथा वातावरण विकास तर्फ

- सामुदायिक, ग्रामीण तथा शहरी, धार्मिक, कबुलियति वनको संरक्षण गरिने नीतिलाई निरन्तरता दिईने छ ।
- नदी किनार, नदी उकास, सार्वजनिक खालि जग्गा, पाखा तथा सडक किनारमा बृक्षारोपण सामुदायिक वनहरुसँग समन्वय गरि सामुदायिक वन र नगरपालिकाको साझेदारी र सहसम्बन्ध स्थापना गरिने नीतीलाई निरन्तरता दिईनेछ ।
- विभिन्न सरकारी तथा गैर सरकारी क्षेत्रसँगको समन्वयमा जलवायु परिवर्तन अनुकुलनका कार्यक्रमहरु संचालन गरिने निरन्तरता दिईने छ ।
- नगरको आर्थिक वृद्धि गर्न समृद्धिका लागि वन कार्यक्रम प्रभावकारी कार्यन्वयन गरिने निरन्तरता दिईने छ ।

### वातावरण, जलाधार क्षेत्र एवम् भु संरक्षण

- भूमीलाई वर्गिकृत गरी आवास, औद्योगिक,कृषि, वन, सिमसार क्षेत्रमा विभाजन गरी सोही अनुरुप भू -उपयोग गर्ने नीति लिइने छ ।
- विगत लामो समयदेखि भोगाधिकार रहेको तर जग्गाधनी प्रमाण पुर्जा नभएका जग्गाहरुलाई करको दायरामा ल्याइने छ ।
- आधिकारिक स्वामित्वका आधारमा लालपुर्जा वितरण गर्न संघिय सरकारसँग सहकार्य र समन्वय गरिने छ ।
- वायु तथा ध्वनीको प्रदुषण नियन्त्रण सम्बन्धि जनचेतनामुलक अभियान संचालन गरिने छ ।
- बजार तथा बाटोमा नियम विपरित जथाभावी होडिङ बोर्ड राख्न रोक लगाईने छ । नियम अनुसार राखेको होर्डिङ्ग बोर्डलाई करको दायरामा ल्याइनेछ ।
- चुरे संरक्षण विकाश तथा ज्ञानकेन्द्रको अवधारणा अनुसार सरोकारवाला सबै संस्थाहरुसँग समन्वय गरी कृषि चुरे वन क्षेत्रको संरक्षण गरी जिबिकोपार्जनमा सहयोग पुऱ्याइनेछ ।
- गैरसरकारी संस्थाहरु संग समन्वय सहकार्य गरि चुरे क्षेत्र संरक्षणका गतिविधिहरु गरिने छ ।

### फोहोरमैला व्यवस्थापन

- बिभिन्न स्थानमा सहरी सार्वजनिक शौचालय निर्माण गरी व्यवस्थित गरिने छ ।
- आधुनिक उच्च प्रविधिको प्रयोग गरि फोहोरमैला व्यवस्थापन गरिने छ ।

**<u>विपद व्यवस्थापन, बारुण यन्त्र, एम्बुलेन्स सञ्चालन</u>**

- विपद व्यवस्थापनलाई प्रभावकारी बनाउन विपद् व्यवस्थापन कोषमा आवश्यक बजेट थप गरी प्रभावकारी बनाईनेछ ।
- नगर भित्रका विपद जोखिम क्षेत्रको नक्साङ्कन तथा बस्तीहरुको पहिचान गरी स्थानान्तरणका लागि आवश्यक प्रक्रिया थालनी गरिनेछ ।
- नगर भित्रका नदीका कारण नगरवासीले भोग्नु परेको समस्यालाई न्यूनीकरण गर्न आवश्यक कार्यक्रमहरु संचालन गरिनेछ ।
- विपद् जोखिम न्यूनीकरणका लागि पूर्व सूचना प्रणाली व्यवस्थित गरिने छ।
- विपद् पुर्व तयारी तथा प्रतिकार्य क्षमता विकास सम्बन्धि कार्ययोजना बनाई कार्यान्वयन गरिनेछ ।
- विपद जोखिम न्युनिकरण गर्नका लागि सचेतनामुलक कार्यक्रमहरु संचालन गरिनेछ ।
- विपद व्यवस्थापनका लागि उद्वार तथा आवश्यक सामाग्रीहरुको व्यवस्थापन गरिनेछ ।
- सुरक्षाकर्मीको समन्वयमा बारुणयन्त्रको परिचालन र व्यवस्थापन प्रभावकारी बनाइनेछ। एबुलेन्सको व्यवस्थापनलाई प्रभावकारी बनाइने छ ।

**सुशासन तथा संस्थागत विकास तर्फसूचना प्रविधि**

- राजमार्ग क्षेत्रमा दुर्घटना र अपराध न्युनिकरण गर्न भुमिगत नेटवर्क सहितको सिसिटिभि जडान तथा व्यवस्थापन गरिनेछ ।
- करदाताहरूको सुविधाको लागि सुचना प्रविधिको प्रयोग गरि विश्वको जुन सुकै स्थानबाट राजश्व दाखिला गर्ने व्यवस्था मिलाइनेछ ।
- नगरको डिजिटल वस्तुस्थिति तयार गरि नगरको क्षेत्राधिकार भित्रको तथ्यांक संकलन, भण्डारण र अध्यावधिक गर्ने व्यवस्था मिलाइनेछ।
- इ हाजिरी जडान गरि सुशासन प्रवर्धन गरिने छ ।
- सेवा प्रवाहलाई छिटो, छरितो, सरल, सहज, पारदर्शी, गुणस्तरीय र सुचना प्रविधिमैत्री बनाइनेछ ।
- नेपाल सरकारको स्वामित्वमा रहेको G-Cloud मा पालिकाको एकिकृत अभिलेख भण्डारण गरि संस्थागत क्षमता अभिवृद्दि गरिनेछ ।
- नेपाल सरकार र निजि संस्थाहरू संग सुचना प्रविधि मैत्रि पालिका निर्माण गर्न आवश्यक सहकार्य गरिनेछ ।
- कर्मचारी र जनप्रतिनिधिहरूलाई नविन विकसित सुचना प्रविधि सम्बन्धि तालिम प्रदान गरिनेछ ।
- नगरपालिका अन्तरगतका सबै वडाहरुलाई बिद्युत्तीय सञ्चारसँग आवद्ध हुने अवधारणा (पेपर लेस गभर्नेन्स) प्रयोगमा ल्याउने नीति लिइनेछ ।
- नगरपालिकामा भएका निर्णयहरु विद्युत्तीय माध्यमबाट अभिलेखिकरण गरी सार्वजनिक गर्ने नीति लिइने छ।
- नगरको वेवसाईट अद्यायवधिक गरी समयमै सूचना तथा आवश्यक दस्तावेजहरु प्रकाशन गरिने छ।

सुचना तथा संचार

- बर्दिवास नगरपालिकामा संचालित/प्रकाशित रेडियो तथा पत्रपत्रिका, अनलाईन समाचारहरुलाई लोक कल्यानकारी तथा जनचेतना संम्बन्धी सुचना तथा विज्ञापन प्रशारणमा सहयोग गरिने छ।
- बर्दिवास नगर भित्रका पत्रकारहरुलाई दक्ष बनाउन पत्रकारीता विकास तालिमको लागि आवश्यक सहयोग प्रदान गरिनेछ।
  जनप्रतिनिघि र कर्मचारीलाई आम संचार बारे अभिमुखिकरण तालिम संचालन गरिनेछ।
- नगरपालिकाको सम्बन्धीत शाखाहरुबाट प्रकासित गरिने सुचना तथा बिज्ञापन नगर प्रमुखको स्वीकृत बमोजिम प्रकासित गर्ने परीपाटी मिलाईने छ।

संस्थागत सुधार

- संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारबिच सह अस्तित्व, सहकार्य र समन्वयको सिद्धान्त अवलम्बन गरिनेछ ।
- नगर कार्यपालिकाको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार, स्थानीय आवश्यकतालाई ध्यानमा राखी संगठन तथा व्यवस्थापन सर्वेक्षण (O&M) का आधारमा विषयगत शाखासहितका संगठन संरचना तयार गरिनेछ ।
- संघ र प्रदेश सरकारको सेवा सम्बन्धि कानुन संग नवाझिने गरि स्थानीय सेवाको गठन, संचालन, व्यवस्थापन तथा सेवाको शर्त तथा सुविधा सम्बन्धी कानून तर्जुमा गरिनेछ ।
- न्यायिक समितिको कार्यसम्पादनलाई थप सूदुढीकरण गरिनेछ र प्रत्येक वडामा स्थापना भएका मेलमिलाप केन्द्रलाई थप क्रियासिल बनाई सुदृढीकरण गरिनेछ।
- नगरपालिकाबाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमित र कार्यदक्षतापुर्ण ढंगबाट सम्पादन गर्न आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन गरिनेछ ।
- बर्दिवास नगरपालिका गठन हुनुपूर्व साविक गा.वि.स.हरु बर्दिवास किसाननगर, पशुपतिनगर, गौरीवास, माईस्थान, खयरमारा, हात्तिलेट, विजलपुरा र जिल्ला विकास समिति महोत्तरीले स्थानिय स्वायत्त शासन ऐन २०५५ बमोजिम कर्मचारी भर्ना प्रकृयावाट करार सेवामा भर्ना भई माथि उल्लेखित गा.वि.स.देखिनै निरन्तर रुपमा कार्यरत रहदा रहदै २०७१ र २०७३ सालमा बर्दिवास नगरपालिका गठन र पुर्नगठन हुँदा बर्दिवास नगरपालिकामा समायोजन हुन आएका तत्कालीन समाजिक परिचालक र हाल समाजिक परिचालक / कार्यालय सहायक, सहायक कम्प्युटर अपरेटर तथा कार्यालय सहयोगीको हकमा आ.ब. २०८०/०८१ देखि करार सेवालाई निरन्तरता दिने र नगरपालिका गठन र पुर्नगठन

पश्चात नियमन प्रकृयाबाट भर्ना भएका प्राविधिक, कम्प्युटर अपरेटर, सहायक कम्प्युटर अपरेटर, कार्यालय सहयोगी, सरसफाई, श्रेणी विहिन सवारी चालक समेतलाई चालु आ.ब. २०७९/०८० को नगरसभा बाट करार तथा ज्यालादारी कर्मचारीलाई विस्तापित गर्ने निर्णय भएतापनि सो कर्मचारीहरु हालसम्म निरन्तर कार्य गरिरहेको सन्र्दभमा निज कर्मचारीहरुको लागि करार सेवाको कार्यविधि बनाई करार सेवा भर्ना प्रकृया अगाडी बढाउने नीति लिईनेछ ।

- सेवा प्रवाहमा थप प्रभावकारिता तथा सुशासन प्रवर्द्धन गर्न नगरपालिकाका कर्मचारीलाई स्थानीय प्रोत्साहन सुविधा प्रदान गर्ने  कानूनको कार्यान्वयन  गरिनेछ ।
- सरकारी, गैरसरकारी, सामुदायिक संघ संस्था तथा निजी क्षेत्रसँग आवश्यक समन्वय र साझेदारी गरिनेछ।
- नगरपालिका क्षेत्रभित्रका आफ्नो क्षेत्राधिकारको सार्वजनिक सम्पत्तीहरुको रेखदेख तथा मर्मत संभारको आवश्यक प्रबन्ध मिलाइनेछ ।
- उपभोक्ता समिति मार्फत संचालित योजनाहरुमा शुन्य पेश्कीको नीति अवलम्बन गरिने छ ।
- नगरपालिका कार्यालयमा डिजिटल नागरिक बडापत्र तथा वडा कार्यालयहरुमा नागरिक बडापत्र सुझाव पेटिका सुचना पाटीको व्यवस्थापनलाई थप व्यवस्थित गरिनेछ ।
- सबै कर्मचारीहरुलाई क्षमता अभिवृद्धिका कार्यक्रमहरु संचालन गरिनेछ ।
- सरकारी जग्गाको Digital प्रविधिबाट नापजाँच गराई संरक्षण गरिनेछ ।
- नगरपालिका कार्यालय, सबै वडाहरु एवं सबै स्वास्थ्य चौकीहरुमा ई-हाजिरीको व्यवस्था मिलाइनेछ ।
- उत्कृष्ट कार्यसम्पादन गर्ने कर्मचारीलाई पुरस्कारको व्यवस्था गरिनेछ ।
- महालेखा परीक्षकको कार्यालयबाट औंल्याइएका नियमित गर्नुपर्ने बेरुजु फछ्र्यौट कार्यलाई प्रभावकारी रुपमा अगाढी बढाइनेछ ।
- नगरमा कर संकलन कार्यलाई अभियानको रुपमा सञ्चालन गरी  सबैभन्दा बढी कर तिर्ने करदातालाई सम्मान गर्ने कार्यको थालनी गरिने छ ।
- जनप्रतिनिधि तथा कर्मचारीहरुको कार्यसम्पादन करार सम्झौता गरी सोको आधारमा दण्ड एवम् पुरस्कारको व्यवस्था गरिने छ ।
- साझा नदीहरुका सन्दर्भमा सम्बन्धित नगरपालिकाहरुसँग समन्वय र परामर्श गरी व्यवस्थापन गरिनेछ।

**नितिगत सुधार**

- नगरको आवधिक योजना तथा मध्यमकालिन खर्च संरचना निर्माण गरिनेछ ।
- आवश्यकता अनुसार नगरपालिकाको स्रोत परिचालन गरि उच्चतम विकास गर्नका लागि आवश्यक पर्ने ऐन, नियम, कार्यविधि, निर्देशिका तथा मापदण्डहरु विषयविज्ञको सहयोगमा तयार गरि स्विकृत एवंम लागु गरिने छ ।

उपरोक्त नीति तथा कार्यक्रम लागु गर्न संघीय सरकार, मधेश प्रदेश सरकार र अन्य सरकारी तथा गैर सरकारी क्षेत्र तथा बर्दिबासबासीसँग समन्वय गर्दै सफलता पूर्वक सम्पन्न गर्न सहयोगको अपेक्षा गर्दछु।

प्रहलाद कुमार क्षेत्री

नगर प्रमुख